# भूमिकास्थान नगरपालिकाको घ वर्गको निर्माण ब्यबसायी इजाजत सम्बन्धी कार्यविधि पहिलो संशोधन, २०७८

नगर कार्यपालिकाको बैठकबाट स्वीकृत मिति : २०७८/०८/१३

## भूमिकास्थान नगरपालिका

**नुवाकोट, अर्घाखाँची**

# भूमिकास्थान नगरपालिकाको घ वर्गको निर्माण ब्यबसायी इजाजत सम्बन्धी कार्यविधि पहिलो संशोधन, २०७८

# भूमिकास्थान नगरपालिकाको घ वर्गको निर्माण ब्यबसायी इजाजत सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न बनेको कार्यविधि २०७८

**पहिलो संशोधन २०७८।८।१३**

**प्रस्तावना**

भूमिकास्थान नगरपालिकाको घ वर्गको निर्माण ब्यबसायी इजाजत सम्बन्धी कार्यविधि २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले भूमिकास्थान नगर कार्यपालिकाको मिति २०७८।८।१३ को बैठकले यो कार्यविधि बनाएको छ ।

<u>नगर कार्यपालिकाको बैठकबाट स्वीकृत मिति : २०७८/०८/१३</u>

**१.संक्षिप्त नाम र प्रारम्भ :** (क) यो कार्यविविधको नाम**"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि (पहिलो संशोधन)**२०७८ रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. मुल कार्यविधिको दफा ३ मा ईजाजतपत्र नविकरण, संशोधन र नामसारीको सम्वन्धि देहाय बमोजिमका उपदफा थप गएिको**

(४) ईजाजतपत्रको नविकरणको लागि दिईने दरखास्त अनुसूची ६ बमोजिमको ढाँचामा दिनु पर्नेछ ।

(५) नामसारी र फर्म संशोधन तथा प्रा.लि. मा स्तर उन्नती गर्नुपरेमा रु.५००० दस्तुर लिई संशोधन तथा स्तर उन्नती गर्न सक्नेछ ।

(६) फर्मको ठाउँसारी गर्नुपरेमा रु. ३०००। दस्तुर लिई ठाउँसारी गर्न सकिनेछ ।

(७) नविकरण, नामसारी र फर्म संशोधनका लागि चालु आ.व. सम्मको यस नगरपालिकाको व्यवसाय कर चुक्ता गरेको हुनुपर्नेछ ।

३. दफा ८ मा **विविध** विषयमा यो कार्यविधि कार्यान्वयन गर्दा थप व्यवस्था गर्नु परेमा यस मूल तथा संशोधित कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी नगरपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ भन्ने व्यवस्था थप गरिएको छ ।

४. मूल कार्यविधिको अनुसूची २ बमोजिम देहायको संशोधन तथा थप गरिएको छ ।

(क) ईजाजतपत्र दस्तुर रु. १०००। को सट्टामा रु.२०००। कायम गरिएको ।

(ख) ईजाजतपत्र नविकरण दस्तुर रु.१०००। को सट्टामा रु.२०००। कायम गरिएको (असोज मसान्त सम्मको अवधि वाक्यंश थप )

(ग) ईजाजतपत्र नविकरण थप दस्तुर रु.२०००। को सट्टामा रु ४०००। (पौष मसान्न सम्मको अवधि वाक्यांश थप)

(घ) ईजाजतपत्र प्रतिलिपी दस्तुर रु.५००। को सट्टामा रु. १०००। कायम गरिएको ।

५. अनुसूची ५ मा (**"घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता** )को बुदाँ नं. ५ मा ट्रिपर/ट्याक्टर (एक/एक थान) लाई संशोधन गरी कुनै दुई मध्ये एक भए हुने बनाईएको ।

६. अनुसूची ६ मा देहाय बमोजिम थप गरिएको छ ।

**अनुसूची ६**

**(कार्यविधिको दफा ३ को उपदफा (४) सँग सम्बन्धित)**

# ईजाजतपत्र नविकरणको लागि दिईने दरखास्त

श्री.....................................

भूमिकास्थान नगरपालिकाको कार्यालय,नुवाकोट अर्घाखाँची ।

विषय : ईजाजतपत्र नवीकरण गरी पाउँ भन्ने बारे ।

निर्माण व्यवसाय सञ्चालन गर्ने ईजाजतपत्र नवीकरण नर्गको लागि देहाय बमोजिमको विवरणहरु खुलाई सार्वजनिक निर्माण कार्यको लागि भूमिकास्थान नगरपालिकाको **घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि, २०७५** को दफा (३) को उपदफा (४) बमोजिम यो दरखास्त पेश गरेको छु ।

१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को :

(क) नाम :

(ख) ठेगाना :

(ग) पोष्ट बक्स :

(घ) टेलिफोन :

(ङ) फ्याक्स :

(च) ईमेल :

२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको :

(क) नाम :

(ख) ठेगाना :

३. निर्माण व्यवसायीको :

(क) प्रमाण पत्र नं.

(ख) दर्ता मिति :

४.(क) ईजाजतपत्र नं.

(ख) ईजाजतपत्र जारी भएको मिति :

(ग) ईजाजतपत्र जारी गर्ने कार्यालय :

५. (क) नेपाल निर्माण व्यावासयी महासंघको सदस्यता नं.

(ख) नवीकरण मिति :

६. ईजाजतपत्र नवीकरण दस्तुर र थप दस्तुर बापत रु...............................

अक्षरुपी...................... .............................जम्मा गरेको

..................................................बैंकको सक्कल भौचर यसै साथ संलग्न छ ।

७. यस दरखास्त फारममा उल्लेखित सम्पुर्ण व्यहोरा ठीक साँचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छाप :

**निवेदक निर्माण व्यासायीको**
**तर्फबाट दरखास्त दिनेको:**

नाम :

पद :

दरखास्त :

मिति :